# कर्मचारी सञ्चय कोष ऐन, २०१९

(मिति २०७६ साल जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# कर्मचारी सञ्चय कोष ऐन, २०१९

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| | २०१९।४।१० |
| १. कर्मचारी सञ्चय कोष (संशोधन) ऐन, २०१९ | २०१९।१२।३० |
| २. नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | २०१९।१२।३० |
| ३. कर्मचारी सञ्चय कोष (दोस्रो संशोधन) ऐन, २०२३ | २०२३।४।३१ |
| ४. कर्मचारी सञ्चय कोष (तेस्रो संशोधन) ऐन, २०२९ | २०२९।६।५ |
| ५. कर्मचारी सञ्चय कोष (चौथो संशोधन) ऐन, २०३० | २०३०।५।१५ |
| ६. कर्मचारी सञ्चय कोष (पाचौं संशोधन) ऐन, २०४२ | २०४२।६।२३ |
| ७. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ८. कर्मचारी सञ्चय कोष (छैठौं संशोधन) ऐन, २०४७ | २०४७।१०।२७ |
| ९. कर्मचारी सञ्चय कोष (सातौं संशोधन) ऐन, २०४८ | २०४८।१२।३० |
| १०. कर्मचारी सञ्चय कोष (आठौं संशोधन) ऐन, २०५३ | २०५३।९।१७ |
| ११. आयकर ऐन, २०५८ | २०५८।१२।१९ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| १२. लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ | २०६३।०७।१७ |
| १३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◖ | २०६६।१०।७ |
| १४. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| १५. कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन, २०७३ | २०७३।६।१८ |
| १६. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ । | २०७५।११।१९ |

२०१९ सालको ऐन नं. १०

[■] ....................

## कर्मचारी सञ्चय कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : [▮]नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरु,[◆]अन्य कर्मचारीहरु र स्वरोजगारमा संलग्न व्यक्तिहरुको निमित्त सञ्चय कोष, निवृत्तिभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट [9]नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेकोछ ।

परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम "कर्मचारी सञ्चय कोष ऐन, २०१९" रहेको छ ।

(२) [λ] ................

---

◖ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

■ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

▮ पाचौं संशोधनद्वारा संशोधित ।

◆ नवौं संशोधनद्वारा संशोधित ।

9 नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

λ पाचौं संशोधनद्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) यो दफा तुरुन्तै प्रारम्भ हुनेछ र अरु बाँकी दफाहरुमध्ये सबै वा केही दफा वा उपदफाहरु नेपाल सरकारले नेपाल राजपत्रमा समय समयमा सूचना प्रकाशित गरी तोकिएको मिति देखि प्रारम्भ हुनेछ ।⊠

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ अन्तर्गत स्थापना गरिएको कर्मचारी सञ्चय कोष सम्झनु पर्छ ।

▞(ख) "कर्मचारी" भन्नाले मासिक तलबबाट कोष कट्टी गराउनु पर्ने रकम कट्टा गराई कोषमा दाखिला गराउने निजामती कर्मचारी, सैनिक, प्रहरी, σसशस्त्र प्रहरी ,सवैधानिक अङ्ग, ■.......... र कोषका कर्मचारी तथा शिक्षक सम्झनु पर्छ र सो शब्दले ∞प्रदेशको सरकारी सेवा, स्थानीय सेवाका कर्मचारी वादफा १२ ख. बमोजिम कोषमा रकम जम्मा गराउने संस्थाका कर्मचारी, मजदूर वा कामदार तथा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य वर्गको कर्मचारी समेतलाई जनाउनेछ ।

स्पष्टीकरण : यस ऐनको प्रयोजनको निमित्त कर्मचारी भन्नाले स्थायी कर्मचारी सम्झनु पर्छ ।

ॐ(ख१) "स्वरोजगारमा संलग्न व्यक्ति" भन्नाले निजी रुपमा सञ्चालित व्यवसाय वा रोजगारीबाट आय आर्जन गर्ने इन्जिनियर, चिकित्सक, कानून व्यवसायी, लेखापरीक्षक लगायतका पेशा व्यवसाय गर्ने व्यक्ति वा निजसँग सम्बद्ध कर्मचारी सम्झनु पर्छ र सो शब्दले वैदेशिक रोजगारमा संलग्न व्यक्ति, अस्थायी वा सेवा करारमा कार्यरत व्यक्ति, घरेलु कामदार, कृषक, असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक, चिया बगानका श्रमिक तथा सहकारी संघ संस्थामा कार्यरत कर्मचारी समेतलाई जनाउँछ ।

(ग) "समिति" भन्नाले दफा ४ अन्तर्गत गठन गरिएको कर्मचारी सञ्चय कोष सञ्चालक समिति सम्झनु पर्छ ।

🕮(ग१) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

🕮(ग२) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा प्रशासक समेतलाई जनाउनेछ ।

🕮(ग३) "प्रशासक" भन्नाले दफा ६क. बमोजिम नियुक्त कोषको प्रशासक सम्झनु पर्छ ।

(घ) "ऋणपत्र" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ अन्तर्गत नेपाल सकारले निष्काशन गरेको ऋण सम्झनु पर्छ र यो शब्दले विदेशी सरकारको ऋणपत्र समेतलाई जनाउँछ ।

(ङ) ⌘... ... ... ...

(च) ⌘... ... ... ...

(छ) ⌘... ... ... ...

(ज) ⌘... ... ... ...

(झ) ⌘... ... ... ...

(ञ) "डिवेन्चर" भन्नाले कम्पनीले आफ्नो जायजेथा धितो वा जमानत राखी लिएको ऋणको तमसुक सम्झनु पर्छ ।

(ट) ⌘... ... ... ...

---

⊠ (क) दफा १३ को उपदफा (१) र १७ को उपदफा (१), (२), (३), (४), (५), (६) र (७) बाहेक अरु दफाहरु २०१९।६।१ देखि प्रारम्भ भएको । (नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०१९।५।२९) ।
(ख) कर्मचारी सञ्चय कोष (चौथो संशोधन) ऐन, २०३० प्रारम्भ भएको मिति २०३०।४।१
(ग) कर्मचारी सञ्चय कोष (आठौं संशोधन) ऐन, २०५३ प्रारम्भ भएको मिति २०५३।१०।१८ ।

▞ छैठौ संशोधनद्वारा संशोधित ।

σ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा थप ।

■ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

∞नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थपिएको ।

ॐ नवौं संशोधनद्वारा थप ।

🕮 छैठौ संशोधनद्वारा थप ।

⌘ दोस्रो संशोधनद्वारा खारेज ।

(ठ) ⌘... ... ... ...

❁(ड) "तलब" भन्नाले सेवाको शर्त बमोजिम कर्मचारीले सेवा प्रदान गरे बापत पदाधिकार रहेको पदको प्रचलित स्केल बमोजिम पाउने तलबलाई मात्र सम्झनु पर्छ ।

❖(ढ) "कार्यालय" भन्नाले कर्मचारीको तलबबाट कोष रकम कट्टी गरी कोषले तोकेको खातामा जम्मा गर्ने दायित्व भएको कार्यालय ❁वा संस्था सम्झनु पर्छ ।

🕮(ढ१) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम संस्थाको रुपमा स्थापना भएको बैंक, वित्तीय संस्था, कम्पनी, फर्म उद्योग वा त्यस्तै अन्य सरकारी वा गैर सरकारी संस्था सम्झनु पर्छ ⌛र सो शब्दले नेपाल▣........ स्थित कुटनीतिक नियोग र अन्तर्राष्ट्रिय संस्थालाई समेत जनाउँछ ।

❖(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

❖(त) "कोषले तोकेको" भन्नाले यस ऐन अन्तर्गत कोषले बनाएको विनियम वा कोषको सूचनामा तोकेको सम्झनु पर्छ ।

## परिच्छेद-२

## स्थापना, गठन र व्यवस्था

३. कोषको स्थापना : (१) कर्मचारी सञ्चय कोष नामको एक कोष स्थापना गरिनेछ ।कोषमा निम्नलिखित रकमहरु रहनेछन् र यो ऐन वा यस अन्तर्गत बनेका नियमहरु बमोजिम गर्नु पर्ने सबै काम काजको निमित्त कोषबाट खर्च बेहोरिनेछ :-

(क) कोषको आर्थिक सहायताको निमित्त नेपाल सरकार वा अन्य व्यक्तिले दिएका सबै रकमहरु,

(ख) यो ऐन बमोजिम कर्मचारीहरुको तलबबाट कट्टा गरिएको ❖र त्यसमा कार्यालयबाट थपी जम्मा गरिएको सबै रकमहरु,

(ग) कोषको रकमबाट ब्याज र लाभको रुपमा उठेको सबै रकमहरु,

(घ) यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल सरकारले सन्चालन गरेको निजामती प्रभिडेण्ट फण्ड, सैनिक द्रव्यकोष र कर्मचारीको सञ्चय कोषमा भएको सबै रकमहरु, र

(ङ) कोषलाई प्राप्त भएका सबै रकमहरु ।

❁(२) कोषको सबै रकम नेपाल राष्ट्र बैंकवा समितिले तोकेको अन्य कुनै बैंकमा राखिनेछ ।

तर, त्यस्तो कुनै बैंक नभएको ठाउँमा कोषको रकम माल अड्डा वा कोष तथा तहसिल कार्यालयमा राखिनेछ ।

(३) कोष अविच्छिन्न उत्तराधिकारवाला एक ▮स्वशासित र संगठित संस्था हुनेछ । संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुटै छाप हुनेछ । कोषले आफ्नो नामबाट नालेश उजूर गर्न र निज उपर सोही नामबाट नालेश उजूर लाग्न सक्नेछ ।

(४) यो ऐन र यस अन्तर्गत बनेको नियमहरुको अधीनमा रही कोषले चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, नामसारी गर्न ,बिक्री तथा सट्टापट्टा गर्न र यो ऐनको उद्देश्य पूर्तिका लागि आवश्यक भएका अरु सबै काम गर्न सक्नेछ ।

(५) कोषको प्रधान कार्यालय ◆काठमाडौं उपत्यकाभित्र रहनेछ र कोषको काम सुचारुरुपले चलाउन कोषले चाहेको बखत नेपालका अन्य क्षेत्रहरुमा शाखा उपशाखाहरु खोल्न सक्नेछ ।

---

❁ तेस्रो संशोधनद्वारा संशोधित ।
❖ पाचौं संशोधनद्वारा थप ।
🕮 छैठौं संशोधनद्वारा थप ।
⌛ आठौं संशोधनद्वारा थप ।
▣ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
❁ तेस्रो संशोधनद्वारा संशोधित ।
▮ पाचौं संशोधनद्वारा संशोधित ।
 नवौं संशोधनद्वारा थप ।
◆ नवौं संशोधनद्वारा संशोधित ।

कानून तथा संसदीय मामिला मन्त्रालय

▪४. <u>समितिको गठन</u> : (१) कोषमा कम्तीमा सातजना सञ्चालकहरु भएको एउटा सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सञ्चालकहरु रहनेछन्:-

(क) नेपालसरकारबाट नियुक्त व्यक्ति - अध्यक्ष

(ख) नेपालसकारको विभिन्न सेवाबाट नेपाल सरकारले मनोनीत गरेका तीनजना - सञ्चालक

(ग) बैंक, वित्तीय संस्था तथा अन्य संगठित संस्थाहरुबाट नेपालसरकारले मनोनीत गरेका दुईजना - सञ्चालक

(घ) कोषको प्रशासक - सञ्चालक

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम नेपालसरकारले सञ्चालकहरु मनोनीत गर्दा नेपालसरकारको विभिन्न सेवा बैंक, वित्तीय संस्था एंव विभिन्न संगठित संस्थाहरुबाट पालैसँग प्रतिनिधित्व हुने गरी सञ्चालकहरुको मनोनयन गर्नु पर्नेछ ।

(४) प्रशासक बाहेक अन्य सञ्चालकहरुको कार्यावधि तीन वर्षको हुनेछ र अवधि समाप्त भएपछि निजहरु पुन: एक पटकसम्मको लागि नियुक्त वा मनोनीत हुन सक्नेछन् ।

(५) कार्यवधि पूरा नहुदै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद पहिले जुन प्रकृयाबाट पूर्ति गरिएको हो सोही प्रकृयाबाट पूर्ति गरिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम नियुक्त वा मनोनीत सञ्चालकहरुलाई नेपालसरकारले जुनसुकै बखत हेरफेर गर्न सक्नेछ ।

(७) सञ्चालकहरुले समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता नेपालसरकारले तोकिदिए बमोजिम हुनेछ ।

(८) समितिले तोकिदिएको कोषको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ ।

✻५. <u>सञ्चालकको अयोग्यता</u> : देहायको व्यक्ति समितिको सञ्चालक हुन अयोग्य मानिनेछ :-

(क) टाट उल्टेको,

(ख) बहुलाएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरी ६ महिनाको कैदको सजाय पाएको,

(घ) दफा २८ बमोजिम कोषसँग ठेक्का पट्टा लिएको वा त्यस्तो ठेक्का पट्टामा साझेदार भएको,

▪(ङ) नेपालसरकारको राजपत्रांकित प्रथम श्रेणी वा संगठित संस्थाको दशौं तह वा सो सरहको तह भन्दा तल्लो तहका पदमा कार्यरत कर्मचारी, वा

(च) दफा २९ अन्तर्गत सजाय पाएको ।

✻६. <u>खाली खाल्सा खाली स्थानको पूर्ति</u> : (१) कुनै सञ्चालक देहायको अवस्थामा आफ्नो पदबाट हट्नेछ :-

(क) लिखित राजीनामा पेश गरी नेपालसरकारबाट स्वीकृत भएमा,

(ख) कारण खुलाई समितिलाई सूचना नदिई लगातार तीन पटकसम्म समितिको बैठकमा उपस्थित नभएमा र यस्तो अनुपस्थितीको कारण नेपालसरकारको बिचारमा मनासिब नलागेमा,

▪(ग) दफा ४ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम मनोनीत सञ्चालकहरु सम्बन्धित निकाय वा संस्थामा कार्यरत नरहेमा,

(घ) कार्यवधि पूरा नहुँदै निजको ठाउँमा नेपालसरकारले अर्को व्यक्ति नियुक्त गरेमा, वा

---

▪ छैठौं संशोधनद्वारा संशोधित ।
✻ तेस्रो संशोधनद्वारा संशोधित ।
▪ छैठौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) दफा ५ मा उल्लिखित कुनै अयोग्यताको अवस्थामा परेमा ।

(२) बिरामी परेको वा बिदामा बसेको वा अन्य कुनै कारणबाट केही समयको लागि अध्यक्ष वा कुनै सञ्चालकले समितिको काम चलाउन नसक्ने भएमा सो समयको लागि काम चलाउन निजको ठाउँमा नेपाल सरकारले अर्को व्यक्तिलाई अस्थायी नियुक्ति गर्न सक्नेछ ।

▞६क. प्रशासकको नियुक्ति : ◻(१) नेपालसरकारले कोषको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि कम्तीमा नेपालसरकारको राजपत्रांकित प्रथम श्रेणी, कोष वा संस्थाको अधिकृत प्रथम श्रेणी वा दशौं तह वा सो सरहको पदमा कार्यरत कुनै एकजना सञ्चयकर्ता कर्मचारीलाई प्रशासकको पदमा नियुक्त गर्नेछ ।

◻(२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यवधि पाँच वर्षको हुनेछ र निज नेपालसरकारको इच्छानुसार आफ्नो पदमा बहाल रहनेछ ।

(३) प्रशासकले पाउने पारिश्रमिक, सुविधा, तथा सेवाका अन्य शर्तहरु नेपालसरकारले तोकिदिए बमोजिम हुनेछ ।

७. व्यवस्था : (१) ▞समितिको राय बुझी नेपालसरकाले राष्ट्रहितको लागि आवश्यक ठहऱ्याएको निर्देश समय समयमा कोषलाई दिन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत दिइएको निर्देशहरुको अनुशरण गरी कोषको सञ्चालन गर्ने र यस ऐन अन्तर्गत कोषले गर्नु पर्ने सबै कार्य सम्पादन गर्ने कार्यभार समितिको हुनेछ ।

(३) समितिले यो ऐन अन्तर्गत आफूले पाएको अख्तियार आवश्यकता अनुसार प्रशासन वा कुनै उपसमितिलाई सुम्पन सक्नेछ । कोषको काम सुचारुरूपले चलाउन प्रशासकले आफूले पाएका कामको अख्तियारी आफ्नो जवाफदेहीमा कोषका आफू मातहतका अधिकारी र कर्मचारीलाई सुम्पन सक्नेछ ।

▞८. समितिको बैठक : (१) अध्यक्षले तोकेको मिति, स्थान र समयमा समितिको बैठक बस्नेछ ।

(२) समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नेछ र दुई बैठकको बीचको अवधि तीन महिना भन्दा बढी हुने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि छलफल गर्न खोजिएका विषय-सूची सहित कम्तीमा तीनजना सञ्चालकले लिखित अनुरोध गरेमा अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा प्रशासकले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) कम्तीमा आधा भन्दा बढी सञ्चालकहरु उपस्थित नभई समितिको बैठक बस्ने छैन ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालकहरुले आफूमध्येबाट छानेका सञ्चालकले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकमा उपस्थित सञ्चालकहरु, छलफलका विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुटै किताबमा लेखी राख्नु पर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

९. समितिलाई मुलतबी राख्ननेपालसरकारको अख्तियार : यो ऐन बमोजिम गर्नु पर्ने काम गर्न असमर्थ ठहराएमा नेपालसरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिलाई मुलतबी राखी त्यसको ठाउँमा यो ऐन बमोजिम समितिको काम सञ्चालन गर्न कुनै व्यक्ति वा संस्थालाई मुकरर गर्न सक्नेछ र त्यस्ता व्यक्ति वा संस्थाले यो ऐन र यस अन्तर्गत बनेका नियमहरु अन्तर्गत गरेको सबै काम कारबाई यो ऐन बमोजिम समितिले गरे सरह मान्यता दिइनेछ ।

१०. …………………

---

▞ छैठौं संशोधनद्वारा संशोधित ।
◻ आठौं संशोधनद्वारा संशोधित ।
▞ छैठौं संशोधनद्वारा संशोधित ।
छैठौं संशोधनद्वारा खारेज ।

कानून तथा न्याय संसदीय मामिला मन्त्रालय

११. नेपाल सरकार र कोषको सम्बन्ध : यो ऐन बमोजिम कोषले नेपालसरकारको राय वा स्वीकृति लिनुपर्ने कुरामा वा नेपालसरकारमा पेश गर्नु पर्ने कुरामा नेपालसरकारसँग लेखापढी गर्दा ◆अर्थ मन्त्रालय मार्फत गर्नु पर्छ ।

༄११क. कोषको अनुगमन तथा निरीक्षण : (१) अर्थ मन्त्रालयले आवश्यकता अनुसार कोषको काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था अर्थ मन्त्रालयले तोके बमोजिम हुनेछ ।

परिच्छेद-३

काम कारबाई

✹१२. अनिवार्य रुपले कर्मचारीहरुको तलबबाट रुपैयाँ कट्टा गरी कोषमा जम्मा गर्ने : ▞(१) प्रत्येक कार्यालयले कर्मचारीको मासिक तलबबाट दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका दरले कोष रकम कट्टी गरी सो रकमको तोकिए बमोजिमको प्रतिशतले हुने रकम समेत थप गरी कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) कोष कट्टीको रकम अनिवार्य रुपले काटिनेछ । त्यसको लागि सम्बन्धित कर्मचारीको स्वीकृति लिनु पर्ने छैन ।

▮(३) कर्मचारीको कोष कट्टी र त्यसमा थप हुने रकम निजको तलब दिने कार्यालयको नियम अनुसार हुनेछ ।

(४) कुनै कर्मचारी निलम्बन भएमा निलम्बित रहेको अवधिभर निजको कोष कट्टी गरिने छैन । तर लागेको अभियोग प्रमाणित नभै निज कर्मचारीको निलम्बन फुकुवा भएमा निजले पाउने सो निलम्बित रहेको अवधिको तलबबाट समानुपातिक रकम कट्टी गरी ❖त्यसमा थप हुने रकम समेत थपी एकमुष्ट कोषमा दाखिल गरिनेछ ।

(५) कुनै कर्मचारी वेतलबी वा आधा तलबी बिदामा रहेको अवधिमा देहाय बमोजिम हुनेछः-

(क) बेतलबी अवस्थामा कोष कट्टी गरिने छैन ।

(ख) आधा तलबी अवस्थामा➔उपदफा (१) मा तोकिएको दरले पचास प्रतिशत कोष कट्टी गरिनेछ ।

▮(६) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयका कर्मचारीको तलबबाट नियमितरुपले कोष कट्टी गरी सो रकममा पाउने थप रकम समेत समावेश गरी विवरण सहित कोषले तोकेको अवधिभित्र कोषले तोकेको कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

❖(७) उपदफा (१) बमोजिम थप दिने रकमको अतिरिक्त कार्यालयले कर्मचारीको नाउँमा जम्मा हुने गरी अरु रकम समेत कोषमा दाखिल गर्न यो ऐनले बाधा पुयाएको मानिने छैन ।

१२क. ⌀... ... ... ...

☒१२ख. संस्थाका कर्मचारीको कोष कट्टी : (१) ◆सङ्गठित संस्थाले आफ्नो कर्मचारीहरुको मासिक तलबबाट दफा १२ बमोजिम कोष रकम कट्टी गरी कोषमा जम्मा गराउन सक्नेछ ।

(२) नेपालसरकारले उपयुक्त ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै संस्थालाई नियमित रुपमा मासिक तलब प्राप्त गर्ने कर्मचारीहरुको मासिक तलबबाट उपदफा (१) बमोजिमको रकम कोषमा जम्मा गराउन आदेश दिन सक्नेछ ।

(३) यो दफा अन्तर्गत कोष रकम कट्टी भएका कर्मचारीहरुको हकमा दफा १२ को सम्पूर्ण व्यवस्था लागू हुनेछ ।

---

◆ नवौं संशोधनद्वारा संशोधित ।
༄ नवौं संशोधनद्वारा थप ।
✹ तेस्रो संशोधनद्वारा संशोधित ।
▞ छैठौं संशोधनद्वारा संशोधित ।
▮ पाचौं संशोधनद्वारा संशोधित ।
❖ पाचौ संशोधनद्वारा थप ।
➔ चौथो संशोधनद्वारा संशोधित ।
▮ पाचौं संशोधनद्वारा संशोधित ।
❖ पाचौ संशोधनद्वारा थप ।
⌀ आठौ संशोधनद्वारा झिकिएको ।
☒ छैठौ संशोधनद्वारा थप ।
◆ नवौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) यो दफा अन्तर्गत कोष रकम कट्टी गरी कोषमा रकम जम्मा गर्ने संस्था विघटन वा खारेज भएमा त्यस्तो संस्थाका कर्मचारी यो ऐनको प्रयोजनको निमित्त सेवाबाट हटेका मानिने छन् ।

(५) यो दफा प्रारम्भ हुनुभन्दा अघि कुनै संगठित संस्थाले ❁दफा १६ बमोजिम कोषमा जम्मा गराएको कोष कट्टी रकम उपदफा (१) बमोजिम नै जम्मा गराएको मानिनेछ ।

☞१२ग. स्वरोजगारमा संलग्न व्यक्तिले कोषमा रकम जम्मा गर्न सक्ने : (१) स्वरोजगारमा संलग्न व्यक्तिले तोकिए बमोजिमको रकम कोषमा जम्मा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा रहेको रकमको सङ्कलन तथा भुक्तानी सम्बन्धी प्रक्रिया र कोषबाट पाउने सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

✪१३. कोषमा रुपैयाँ जम्मा हुन आएपछि कोषले गर्ने काम : ◆(१) दफा १२, १२ख. र १२ग. बमोजिम कोषमा रूपैयाँ जम्मा हुन आएपछि प्रत्येक कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको नामबाट जम्मा हुन आएको रकम सो कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको नामको खातामा जम्मा गरिनेछ ।

(२) कोषले प्रत्येक वर्ष साल तमाम भएपछि कर्मचारीको तलबबाट महिना महिनामा कट्टी भएको रकम ▮कार्यालयबाट थप भएको रकम र अन्य कट्टी वा थप भएको रकम तथा त्यसरी जम्मा हुदै आएको रकममा पाएको ▮ब्याज समेत खुलाई समर्थनपत्र वा वार्षिक विवरण कर्मचारीलाई दिनेछ ।

☞(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वरोजगारमा संलग्न व्यक्तिको हकमा तत्सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कोषले प्रत्येक ◆कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिलाई परिचयपत्र दिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम परिचयपत्र λ.......... दिँदा वा त्यस्तो परिचय पत्र λ......... हराए, च्यातिए वा धमिलिएमा अर्को परिचयपत्र λ......... दिँदा कोषले त्यसको दस्तुर तोकिदिन सक्नेछ ।

▞१४. रकम झिक्न सक्ने : □(१) कम्तीमा पाँच वर्षसम्म लगातार कोष कट्टी रकम कोषमा जम्मा गर्ने कर्मचारीले आर्थिक वर्षको शुरुसम्ममा निजको नाममा कोष कट्टी भई जम्मा भएको कुल रकमको साठी प्रतिशतमा नबढ्ने गरी कोषबाट रकम झिक्न सक्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम बाहेक कुनै कर्मचारीले निज सेवामा बहाल रहेसम्म कोषबाट रकम झिक्न सक्ने छैन ।

(३) उपदफा (१) बमोजिम कुनै कर्मचारीले एकपटक रकम झिकेपछि त्यसरी रकम झिकेको मितिले दुई वर्ष पूरा नभई पुन: रकम झिक्न सकिने छैन ।

⊠१४क. हिसाब मिलान गरिने : (१) कुनै कर्मचारीले यो दफा प्रारम्भ हुनु भन्दा अघि कोषबाट सापटी लिई सकेको रहेछ भने निजले लिएको सापट्टी मध्ये तिर्न बाँकी सावा ब्याज रकम निजको नाममा सञ्चित रहेको कोष कट्टी रकमबाट कट्टी गरी हिसाब मिलान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब मिलान गरिएकोमा त्यस्तो कर्मचारीले पुन: कोषबाट रकम झिक्न चाहेमा दफा १४ को उपदफा (१) बमोजिमको रकममा अघि झिकिसकेको रकम कट्टी गरी बाँकी रकम मात्र दिईनेछ ।

तर कोषबाट रकम झिकेको वा सापटी लिएको मितिले दुई वर्ष पूरा नभई निजले पुन रकम झिक्न सक्ने छैन ।

---

❁ दफा १६ छैठौं संशोधनद्वारा खारेज भैसकेको छ ।
☞ नवौं संशोधनद्वारा थप ।
✪ तेस्रो संशोधनद्वारा संशोधित ।
◆ नवौं संशोधनद्वारा संशोधित ।
▮ पाचौं संशोधनद्वारा संशोधित ।
λ पाचौं संशोधनद्वारा झिकिएको ।
▞ छैठौं संशोधनद्वारा संशोधित ।
□ आठौं संशोधनद्वारा संशोधित ।
⊠ छैठौं संशोधनद्वारा थप ।

(३) कोषबाट घर सापटी लिएको कर्मचारीले कोष कट्टी रकमबाट हिसाब मिलान गर्न चाहेमा उपदफा (१) बमोजिम हिसाब मिलान गर्न सक्नेछ ।

☒१४ख. कोषबाट झिकेको रकम फिर्ता गर्न सकिने : दफा १४ बमोजिम झिकेको रकम कर्मचारीले एकै पटक वा पटक पटक गरी कोषमा फिर्ता जम्मा गराउन सक्नेछ । त्यसरी जम्मा हुन आएको रकममा दफा १५ बमोजिम ब्याज र मुनाफा प्रदान गरिनेछ ।

❁१५. ब्याज❖र मुनाफा दिने : (१) कर्मचारीको नाममा जम्मा भएको रकममा कोषले उपदफा (२) बमोजिम समय समयमा निर्धारण गरेको दरले ब्याज दिनेछ ।

(२) कोषले ब्याजको दर निर्धारण गर्दा आफू जिम्मा रहेको कुल रकम, त्यस मध्येबाट भएको लगानीको कुल रकम, त्यसबाट प्राप्त हुने लाभाशं वा ब्याजको कुल रकम र प्रशासनिक खर्च समेतलाई ध्यानमा राखि औचित्यको आधारमा गर्नेछ ।

▣(३) ... ... ...

(४) प्रत्येक आर्थिक साल तमामको दिन कोषको पूँजी र दायित्व बजार भाउले मूल्याङ्कन गर्दा वार्षिक ३ प्रतिशत ब्याज दिन नपुग्ने भएमा त्यस्तो ब्याज दिन नपुग रकम जति नेपालसरकारको सञ्चित कोष प्रति व्ययभार हुनेछ ।

▮(५) जुनसुकै कारणले कर्मचारीको सेवा टुटे पनि निजको नाममा कोषमा सञ्चित रहेको रकम कोषबाट नझिकेसम्म कोषले सो रकममा ब्याज दिनेछ ।

▞(६) कोषको लेखापरीक्षण भईसकेको वार्षिक हिसाबमा मुनाफा रहेको रकमबाट दफा २५ बमोजिम रकम छुट्याई बाँकी रहेको मुनाफा रकमलाई मुनाफा निर्धारण भएको आर्थिक वर्षको शुरुसम्ममा सञ्चयकर्ताको नाममा जम्मा रहेको रकममा समितिले तोकेको दर र प्रकृया बमोजिम सञ्चयकर्ताहरुमा मुनाफा बाँडफाँड गरी निश्चित भएको रकम निजहरुको खातामा जम्मा गरिनेछ ।

☙(७) ... ... ...

❶१५क. कोष कट्टा रकम फिर्ता पाउने : ⚬(१) कर्मचारीको खातामा जम्मा रहेको साँवा ब्याज समेतको सम्पूर्ण रकम निज जुनसुकै कारणले सेवाबाट हटेमा पनि निजले तुरुन्त एकमुष्ट फिर्ता पाउनेछ । त्यस्तो कर्मचारीको मृत्यु भैसकेको भए निजले इच्छाएको व्यक्तिले इच्छाए बमोजिमको रकम पाउनेछ र निजले कसैलाई इच्छाइएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।

☒(१क) उपदफा (१) को प्रयोजनको निमित्त कर्मचारीले कुनै पनि व्यक्तिलाई इच्छाउन सक्नेछ । यसरी कर्मचारीले कुनै व्यक्तिलाई इच्छाउँदा इच्छाउने तरिका कोषले तोके बमोजिम हुनेछ ।

(२) कर्मचारीले इच्छाएको व्यक्तिको मृत्यु भएमा वा निजको मृत्यु नभएपनि कर्मचारीले चाहेमा निजको सट्टा अर्को व्यक्तिलाई इच्छाउन वा इच्छाएको बेहोरामा हेरफेर गर्न सक्नेछ ।

(३) कर्मचारीको सेवा टुटेपछि निजले सेवा टुटेको मितिले तीन वर्षसम्म पनि कोषको रकम फिर्ता लिन नआएमा वा सो फिर्ता लिने सम्बन्धमा कुनै सूचना कोषलाई नदिएमा निजको कोषको रकम निजले इच्छाएको व्यक्तिले पाउनेछ । इच्छाएको व्यक्तिले पनि सो रकम निजले पाउन सक्ने मितिले २ वर्ष ९ महिनासम्म लिन नआएमा कोषले सर्वसाधारणको जानकारीमा आउने गरी सूचना निकाल्ने व्यवस्था गर्नेछ । ▮सूचना निस्केको तीन महिनाभित्र पनि इच्छाएको व्यक्तिले लिन नआएमा ⚬सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।

---

❁ तेस्रो संशोधनद्वारा संशोधित ।

❖ पाचौं संशोधनद्वारा थप ।

▣ छैठौं संशोधनद्वारा झिकिएको ।

▮ पाचौं संशोधनद्वारा संशोधित ।

▞ छैठौं संशोधनद्वारा संशोधित ।

☙ सातौं संशोधनद्वारा झिकिएको ।

❶ तेस्रो संशोधनद्वारा थप ।

⚬ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

☒ छैठौं संशोधनद्वारा थप ।

⚬ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

❖(३क) दफा १५ को उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले ६ वर्ष सम्ममा पनि त्यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्तिले फिर्ता लिन नआएमा सो रकम छुट्टै खातामा जम्मा गरिनेछ र त्यसरी छुट्टै खातामा जम्मा गरी सकेपछि सो रकममा ब्याज दिइने छैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले कोषबाट लिएको सावा ब्याजको भुक्तानी गर्न बाँकी रकम ◙……… कोषले कटाई लिनेछ ।

❶१५ख. कर्मचारीको स्थिति बारे कोषलाई सूचना गर्ने : (१) कर्मचारीको नयाँ नियुक्ति, सरुवा वा बढुवा भएमा त्यस्तो नयाँ नियुक्ति सरुवा वा बढुवाको पूँजी दिने कार्यालयले कोषलाई सो कुराको सूचना तुरुन्त गर्नु पर्नेछ ।

(२) कुनै कर्मचारी उमेरको हदबाट अवकाश पाउने भएमा अवकाश पाउने छ महिना अगाबै कर्मचारीको अवकाश पाउने मिति खुलाई ▀सम्बन्धित कार्यालय वा किताबखानाले कोषलाई सूचना गर्नु पर्नेछ ।

(३) कर्मचारीले अवकाश पाएमा वा अन्य कुनै किसिमले निजको सेवा टुटेमा कर्मचारीको कोष कट्टी रकम फिर्ता गर्नको लागि कर्मचारीले अवकाश पाएको वा निजको सेवा टुटेको मिति समेत खुलाई साबिक कार्यालयले कोषलाई सूचना गर्नु पर्नेछ ।

१६. ⊃……………

१७. पूँजी सार्ने : (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघिल्लो मितिसम्म नेपालसरकारले सञ्चालन गरेको निजामती प्रभिडेण्ट फण्ड, सैनिक द्रव्यकोष र कर्मचारीको सञ्चय कोषको पूँजी र दायित्व यो ऐन प्रारम्भ भएपछि कोषमा सरेको मानिनेछ । नेपालसरकारले उक्त कोषहरुको पूँजी र दायित्व सम्बन्धी स्रेस्ता कागजात र यो ऐन अन्तर्गत सञ्चालन गर्ने काम यो ऐन प्रारम्भ भएको ६ महिनाभित्र कोषलाई बुझाई दिनेछ र कोषले यसरी पूँजी, दायित्व र सम्बन्धित स्रेस्ता कागजातहरु बुझिसकेपछि यो ऐन प्रारम्भ हुनुभन्दा अघि कर्मचारीहरुको नाउँमा जम्मा भैराखेको रुपैयाँ कोषमा जम्मा भएको मानिनेछ र यो ऐन अन्तर्गत सो रुपैयाँको सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम कोषले पूँजी र दायित्व बुझिलिनु पर्दा निजामती प्रेभिडेण्ट फण्ड, सैनिक द्रव्यकोष र कर्मचारीको सञ्चय कोषबाट लगानी भएको पूँजी मध्ये साँवा, ब्याज वा दुवैको केही वा पूरा उठ्न नसक्ने भन्ने कोषले ठहराएमा सो पूँजी र लगानीका हकमा कोषले मूल्याङ्कन गरेको मोलले मात्र कोषले त्यस्तो पूँजी लगानी बुझिलिएको मानिनेछ । त्यस्तो पूँजी लगानी कोषले बुझिलिए पनि सो पूँजी लगानीमा नपुग हुन आएको रुपैयाँ जति कोषलाई♣संघीय सञ्चित कोषबाट प्राप्त हुनेछ ।

(३) उपदफा (२) बमोजिम कम मोल वा नउठ्ने भन्ने ठहराएको पूँजी लगानी बुझी लिनु अगावै नेपालसरकारलाई त्यस्तो पूँजी लगानीको यथार्थ विवरण अवस्था बजार भाउले मूल्याङ्कन गरी कोषले प्रतिवेदन पेश गर्नु पर्छ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन प्राप्त भएपछि त्यस्तो पूजी लगानीको रुपैयाँ कोषलाई ♣संघीय सञ्चित कोषबाट तुरुन्त प्राप्त हुने गरी त्यस्तो पूँजी लगानी नेपालसरकारले लिने गरी ३ महिनाभित्र कोषलाई निर्देश पठाउन सक्नेछ । त्यस्तो निर्देशको अनुसरण कोषले गर्नु पर्छ ।

१८. कोषको सुरक्षा : प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायमा लेखिएकोमा देहाय बमोजिम हुनेछ :-

(क) कोषमा कर्मचारीको नाउँमा जम्मा रहेको रुपैयाँमा कर्मचारीको अंशियारहरु कसैको अंश बापत हक लाग्ने छैन । अंशबण्डा गर्न पनि निजलाई कर लाग्ने छैन । अदालतको फैसला भएपनि कर्मचारीको कोषमा जम्मा रहेको रुपैयामा साहु महाजनको दाबा पुग्ने छैन । नेपाल कानून अन्तर्गत सर्वस्व जायजात हुने लगायत कुनै कसूरमा कोषमा रहेको कर्मचारीको रुपैयाँ हरण हुने छैन । सरकारी रकम कलम बाँकी लिन पर्नेमा समेत सो रुपैयाँ कट्टी वा हरण गरिने छैन ।

---

❖ पाचौ संशोधनद्वारा थप ।
◙ छैठौं संशोधनद्वारा झिकिएको ।
❶ तेस्रो संशोधनद्वारा थप ।
▀ छैठौं संशोधनद्वारा संशोधित ।
⊃ छैठौं संशोधनद्वारा खारेज ।
♣नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन , २०७५ द्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) कर्मचारीको नाउँमा कोषमा जम्मा रहेको रुपैयाँमा र कोषको मुनाफामा र कोषबाट कर्मचारीले आफ्नो नाउँमा जम्मा भएको रुपैयाँ प्राप्त गरेपछि सो प्राप्त गरेको रुपैयाँमा ➔आयकर बाहेक कुनै किसिमको कर लाग्ने छैन ।

(ग) कुनै कम्पनीमा कोषको कुनै रकम लगानी वा ऋणमा गैराखेकोमा सो कम्पनी विघटन भै त्यसको जायजेथा वितरण हुँदा कोषको लगानी, त्यस बापतको लाभांश र ऋणको असूल उपर हुन बाँकी रकम बापत त्यस्तो कम्पनीको जायजेथा उपर कोषको सबैभन्दा पहिलो हक रहनेछ । अरु कुनै व्यक्तिबाट कोषको कुनै रकम लिनु बाँकी भएकोमा पनि त्यस्तो व्यक्तिको जायज्यथा साहुहरुको दामासाहीमा परेमा निजको जायजेथा उपर कोषको लिनु पर्ने रकम बापत सबैभन्दा पहिलो हक रहनेछ । कोषको त्यसरी लिनु पर्ने बाँकी रकम असूल उपर भैसकेपछि मात्र बाँकी रहन आएको त्यस्तो कम्पनी वा व्यक्तिको जायजेथामा अरु व्यक्तिको हक लाग्नेछ ।

⧖तर दफा १९ को खण्ड (ग२) बमोजिम कोषले सह-वित्तीयकरणको आधारमा दिएको कर्जाको सम्बन्धमा यो व्यवस्था लागू हुने छैन ।

❶(घ) कुनै उद्योग धन्दा वा संगठित संस्था वा कर्मचारीले लिखत अनुसार कोषलाई बुझाउनु पर्ने सापटी, पेश्की, ऋण वा ब्याजको रकम समयमा नबुझाएमा सो समय नाघेको पैंतीस दिन पछि त्यस्तो उद्योग धन्दा वा संगठित संस्था वा कर्मचारीले कोषलाई ▮धितो लेखिदिएको वा जेथा जमानीमा लेखिएको घर जग्गा वा अन्य कुनै पनि सम्पत्ति कोषले आफै ❖कब्जा गरी लिलाम बिक्री गरी कोषको रकम असूल उपर गर्न सक्नेछ । लिलाम बिक्री हुँदा कसैले नसकारेमा कोषले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ । यस्तो स्थितिमा त्यस्तो सम्पत्तिको लगत राख्ने वा मालपोत असूल गर्ने सरकारी कार्यालयहरुले कोषको जनाउ बमोजिम आफ्ना कार्यालयमा रहेको स्रेस्तामा तदनुसार नामसारी दाखिल खारेज आदि जो गर्नु पर्ने कारबाही कुनै दस्तुर नलिई गरिदिनु पर्छ ।

❶(ङ) खण्ड (घ) वा दफा १९क. बमोजिमको कोषले धितो वा ▮जेथा जमानी लेखाई लिएपछि ऋणीले त्यस्तो सम्पत्ति अरु कसैलाई धितो वा भोगबन्धकी दिन वा कुनै किसिमले हक छाडी दिन पाउने छैन र सो सम्पत्ति रोक्का राख्न कोषबाट लेखी आएमा रजिष्ट्रेशन पास गर्ने कार्यालयले रोक्का राख्ने गर्नु पर्छ ।

▮(च) कोषले लिने र दिने ब्याज दर कोषले तोकिदिए बमोजिम हुनेछ ।

❶(छ) कोषले कुनै उद्योग धन्दा, संगठित संस्था र कर्मचारीलाई अचल सम्पत्तिको धितोमा ऋण वा सापट्टी दिँदा पाँच वर्ष भन्दा बढीको भाखा राख्न सक्नेछ ।

▮(ज) कोषले कर्मचारीलाई धितो वा जेथा जमानीमा ऋण दिँदा ऋण दिनु अघि ऋणलाई खाम्ने गरी नेपाल 🖬......... को कुनै ठाउँको धितो जमानत आफ्नो सुरक्षणमा रहेको कुरो निश्चित भएपछि मात्र ऋण दिनेछ । यसरी धितो जेथा जमानीमा राखेको सम्पत्तिको मूल्याङ्कन गर्ने तरिका कोषले निर्धारण गरे बमोजिम हुनेछ ।

❖(झ) कोषले दिएको ऋण वा सापटीको साँवा ब्याजको रकम किस्ता कबुलियतनामाको शर्तका म्यादभित्र चुक्ता नभई धितो वा जेथा जमानी राखेको सम्पत्ती कब्जा गरी लिलाम बिक्री गर्नु परेमा कोषले कम्तीमा पैंतीस दिनको म्याद दिई स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशित गरी सो म्याद समाप्त भएपछि त्यस्तो सम्पत्ति कब्जा गरी लिलाम बिक्री गर्न सक्नेछ ।

✱(ञ) ..................

---

➔ आयकर ऐन, २०५८ द्वारा संशोधित ।
⧖ आठौं संशोधनद्वारा थप ।
❶ तेस्रो संशोधनद्वारा थप ।
▮ पाचौं संशोधनद्वारा संशोधित ।
❖ पाचौ संशोधनद्वारा थप ।
❶ तेस्रो संशोधनद्वारा थप ।
▮ पाचौं संशोधनद्वारा संशोधित ।
🖬 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
❖ पाचौ संशोधनद्वारा थप ।
✱ नवौं संशोधनद्वारा झिकिएको ।

ஃ१८क. <u>कोषलाई छुट र सुविधा</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषलाई देहायको छुट र सुविधा प्राप्त हुनेछ :-

(क) कोषले दिने कर्जा वा पुन:कर्जाको लिखत रजिष्ट्रेशनमा रजिष्ट्रेशन दस्तूर नलाग्ने ।

(ख) कोषसँग गरिने कुनै किसिमको कारोबारको लिखतमा कोषलाई आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर नलाग्ने ।

◆१९. <u>कोषको अधिकार</u> : कोषलाई आफ्नो मौज्दात र सम्पत्तिको परिचालन तथा सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने सम्बन्धमा देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृति प्राप्त विदेशी वा स्वदेशी संस्थाको ऋण पत्रमा लगानी गर्ने,

(ख) प्रचलित कानून बमोजिम स्थापित बैङ्कहरुको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) मुद्दती डिपोजिटमा लगानी गर्ने,

(ग) कोषले उपयुक्त ठहऱ्याएको प्रचलित कानून बमोजिम स्थापित वित्तीय संस्थाहरूको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) मुद्दती डिपोजिटमा उपयुक्त बैङ्क जमानत लिई लगानी गर्ने,

(घ) नेपाल सरकारको जमानतमा कोषले तोकेको शर्त र ब्याजमा कुनै उद्योग धन्दा वा सङ्गठित संस्थालाई ऋण दिने,

(ङ) बैङ्क तथा वित्तीय संस्थाको शेयरमा लगानी गर्ने,

तर त्यसरी शेयरमा लगानी गर्दा त्यस्तो बैङ्क वा वित्तीय संस्थाको निष्काशित पूँजीको पच्चीस प्रतिशतमा नबढ्ने गरी लगानी गर्नु पर्नेछ ।

(च) कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा प्रचलित कानून बमोजिम स्थापित बैङ्क वा वित्तीय संस्थाहरुसँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारिपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने,

(छ) कोषले उपयुक्त ठहऱ्याएको प्रचलित कानून बमोजिम संस्थापित कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको डिबेन्चरमा लगानी गर्ने,

तर त्यसरी डिबेन्चरमा लगानी गर्दा त्यस्तो कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको कुल डिबेन्चरको पच्चीस प्रतिशतमा नबढ्ने गरी लगानी गर्नु पर्नेछ,

(ज) कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायद्वारा प्रवर्द्धित ऊर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा शेयर लगानी गर्न सक्ने,

(झ) कोषले आफै वा अरु संस्थासँग मिली कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरुको सहभागितामा सामूहिक लगानी योजना (म्युच्यल फण्ड) सञ्चालन गर्ने कम्पनी वा संस्थाको स्थापना गर्ने,

(ञ) कोषले कर्मचारी वा स्वरोजगारमा संलग्न व्यक्तिको सहभागितामा सामूहिक लगानी योजना (म्युच्यल फण्ड) सञ्चालन गर्ने,

(ट) कोषले आफैं वा अरु संस्थाहरुसँग मिली आवास परियोजनाहरु सञ्चालन गरी घर घडेरी सोझै वा किस्ताबन्दीमा सञ्चयकर्तालाई बिक्री वितरण गर्ने वा बहालमा दिने,

(ठ) कोषले आफै वा अरु संस्थाहरुसँग मिली विश्वविद्यालय, शिक्षण अस्पताल, मेडिकल कलेज लगायत शैक्षिक क्षेत्र, औषधी उत्पादन, ऊर्जा उत्पादन, पर्यटन, कृषि विकासमा सम्भाव्यता अध्ययन गरी लगानी गर्न सक्ने,

(ड) कोषको स्वामित्वमा रहेका घर घडेरी बिक्री वितरण गर्ने वा आवास परियोजना सञ्चालन गर्न कम्पनी वा संस्थाको स्थापना र सञ्चालन गर्ने,

---

ஃ नवौं संशोधनद्वारा थप ।

◆ नवौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ढ) कोषको स्वामित्वमा रहेको जग्गामा भवनहरु निर्माण गरी बहालमा दिने,

(ण) प्रचलित कानून बमोजिम स्थापित बैङ्क वा वित्तीय संस्थाको जमानतमा शर्त र ब्याज तोकी प्रचलित कानून बमोजिम संस्थापित कम्पनी वा सङ्गठित संस्थालाई ऋण दिने,

(त) कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा पर्याप्त धितो वा जमानत लिई लगानी गर्ने,

(थ) कोषको ऋण बाँकीमा कुनै संस्थाको जायजेथा कोषलाई प्राप्त भएमा सो जायजेथाको सदुपयोग गर्न कोष आफैले वा अरु कुनै संस्थासँग मिली सो संस्थाको सञ्चालन गर्ने वा नयाँ संस्था संस्थापना गर्ने,

(द) निवृत्तिभरण, स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको तोकिएको क्षेत्रमा कोष आफैले वा अन्य कुनै संस्थासँगको सहकार्यमा निवृत्तिभरण कोष, स्वास्थ्य बीमा, सामाजिक सुरक्षा कोष स्थापना गरी सञ्चालन गर्ने,

(ध) कुनै व्यक्ति वा संस्थाले कोषबाट लिएको सापटी वा ऋण भाखाभित्र नबुझाएमा वा कोषले धितो वा जमानतमा कुनै लगानी गरेकोमा ऐन बमोजिम साँवा ब्याज असूली गर्ने र कोषमा रहेको सम्बन्धित व्यक्तिको सञ्चित रकम वा धितो सुरक्षणबाट असूली हुन नसकेमा त्यस्तो व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको अन्य चल अचल सम्पत्तिबाट असूली गर्ने,

(न) समितिले तोकेको शर्तमा कर्मचारी वा स्वरोजगारमा संलग्न व्यक्तिलाई सापटी दिने,

(प) कोषको सुरक्षालाई ध्यानमा राखी नेपाल सरकारको स्वीकृति लिई कर्मचारीको हितको कुनै काम गर्ने,

(फ) कोषले कर्मचारी तथा स्वरोजगारमा संलग्न व्यक्तिको अधिकतम लाभ तथा हित अभिवृद्धि हुने गरी समाजिक सुरक्षा वा कल्याणकारी कार्य गर्ने,

(ब) यस ऐन अन्तर्गत गर्नु पर्ने काम गर्दा परिआएको अरु सबै काम गर्ने ।

✤१९क. असूल उपर गर्ने : (१) सञ्चयकर्ताको मासिक पारिश्रमिक रकमबाट कोषमा जम्मा गर्ने प्रयोजनको लागि कट्टा गरेको रकम र सो रकममा प्रचलित कानून बमोजिम थप हुने रकम समेत कोषमा जम्मा गरिदिनु पर्ने जिम्मेवारी रहेको कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कोषमा रकम जम्मा गर्न नपठाएको पाइएमा त्यस्तो कर्मचारीबाट कोषले सञ्चयकर्ताको कोषमा जम्मा हुनु पर्ने रकम र सो रकममा कोषबाट पाउने ब्याज समेतको हिसाब गरी हुन आउने एकमुष्ट रकम सम्बन्धित सञ्चयकर्ताको कोषको खातामा जम्मा गर्न कोषले अवधि तोकी सम्बन्धित कर्मचारीलाई आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित कर्मचारीले सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र सञ्चयकर्ताको रकम कोषमा जम्मा नगरेमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषले त्यस्तो कर्मचारीको नाममा रहेको कोषको खाताको रकमबाट असूल उपर गरी सञ्चयकर्ताको खातामा जम्मा गरिदिनेछ ।

(४) उपदफा (३) बमोजिम असूल गर्दा सञ्चयकर्ताको सम्पूर्ण रकम असूल उपर हुन नसकेमा कोषले त्यस्तो कर्मचारीको अन्य चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरी सञ्चयकर्ताको खातामा जम्मा गरिदिनेछ ।

⊠१९ख. लगानी प्रवर्द्धन समिति : (१) कोषको रकम सुरक्षित तथा बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नको निमित्त लगानी नीति निर्धारण गरी समितिमा सुझाब पेश गर्न कोषमा एउटा लगानी प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन् :-

(क) कोषको प्रशासक - अध्यक्ष

(ख) नेपाल सरकारको सेवामा कार्यरत अर्थ विज्ञहरुबाट नेपाल सरकारले मनोनीत गरेको एकजना - सदस्य

---

✤ नवौं संशोधनद्वारा थप ।
⊠ छैठौं संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) त्रिभुवन विश्वविद्यालय तथा सार्वजनिक वा निजी क्षेत्रबाट लगानी प्रवर्द्धन क्षेत्रमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुमध्ये नेपाल सरकारले मनोनीत गरेको दुइजना - सदस्य

□(घ) समितिले तोकेको कोषको अधिकृत कर्मचारी एकजना- सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी मनोनीत भएको सदस्यहरुलाई नेपालसरकारले जुनसुकै बखत हेरफेर गर्न सक्नेछ ।

(५) लगानी प्रवर्द्धन समितिका अध्यक्ष तथा सदस्यहरुले लगानी प्रवर्द्धन समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता समितिले तोकिदिए बमोजिम हुनेछ ।

(६) प्रशासकले आवश्यकतानुसार लगानी प्रवर्द्धन समितिको बैठक बोलाउनेछ ।

(७) लगानी प्रवर्द्धन समितिको बैठक सम्बन्धी अन्य कुराहरु लगानी प्रवर्द्धन समिति आफैले निर्धारण गर्न सक्नेछ ।

२०. निषेध गरिएका कामहरु : कोषले देहायका कामहरु गर्न निषेध गरिएकोछ :-

(क) समितिका कुनै सञ्चालकलाई यो ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम दिने लिने बाहेक र कोषको कामको निमित्त दैनिक तथा भ्रमण भत्ताको सिलसिलामा दिने पेश्की बाहेक कुनै धितो जमानत लिई वा नलिई कोषबाट सापटी दिन, गुठीको जायजेथा शेष जमानत लिई ऋण दिन,

⌛तर कोषको अन्य सञ्चयकर्ता कर्मचारीहरुलाई दिए सरहको ऋण सापटी सञ्चालकलाई दिन यस व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(ख) ▣......................

(ग) ✱.....................

परिच्छेद-४

हिसाब किताब र त्यसको जाँच

▮२१. वार्षिक हिसाब : महालेखापरीक्षकले तोकिदिएको ढाँचा र तरिका अनुसार प्रत्येक साल तमाम भएको नौ महिनाभित्र अध्यक्ष, कुनै सञ्चालक वा प्रशासक र मुख्य अधिकृतको सही परेको र महालेखापरीक्षकले प्रमाणित गरेको वासलात र वार्षिक नाफा नोक्सानको विवरण कोषले नेपाल सरकारमा पेश गर्नु पर्नेछ ।

✹२२. वार्षिक प्रतिवेदन : प्रत्येक वर्ष साल तमाम भएको नौ महिनाभित्र कोषले आफ्नो वर्षभरको कामकाज बारेको वार्षिक प्रतिवेदन नेपाल सरकारमा पेश गर्नेछ ।

✹२३. कोषको लेखा र लेखापरीक्षण : (१) कोषको लेखा कोषको राय लिई नेपालको महालेखापरीक्षकले तोकिदिएको ढाँचामा राखिनेछ ।

(२) कोषको लेखापरीक्षण नेपालको महालेखापरीक्षकबाट हुनेछ ।

(३) लेखापरीक्षण सकिए पछि देहायको कुरा खुलाइएको प्रतिवेदन एकप्रति कोषलाई र एकप्रति नेपाल सरकारलाई दिनु पर्नेछ :-

(क) कोषले तयार गरेको लाभ हानिको खातामा पार्नुपर्ने कुराहरु परेको छ, छैन र सो खाताले कोषको यथार्थ आर्थिक अवस्था व्यक्त गर्छ, गर्दैन,

---

□ आठौं संशोधनद्वारा संशोधित ।
⌛ आठौं संशोधनद्वारा थप ।
▣ छैठौं संशोधनद्वारा झिकिएको ।
✱ नवौं संशोधनद्वारा झिकिएको ।
▮ पाचौं संशोधनद्वारा संशोधित ।
✹ तेस्रो संशोधनद्वारा संशोधित ।

(ख) हिसाब यो ऐन बमोजिम नियमित छ छैन र सोधनी गरिएका कुरामा सन्तोषजनक उत्तर पाएको छ छैन ।

(४) लेखापरीक्षणको सिलसिलामा महालेखापरीक्षकले हेर्न चाहेको सबै लेखा सोधेको सबै जवाफ दिई सहयोग गर्नु कोषको प्रत्येक सञ्चालक र कर्मचारीको कर्तव्य हुनेछ ।

✤२३क. लेखापरीक्षण समिति : (१) आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कोषमा एक लेखापरीक्षण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-५

विविध

२४. अनुसन्धानको व्यवस्था : कर्मचारीहरुको आर्थिक स्थितिमा सुधार ल्याउनको निमित्त कोषले अनुसन्धानको व्यवस्था गर्न सक्नेछ र यसरी अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कमा कोषले आफ्नो राय समावेश गरी नेपाल सरकारलाई प्रतिवेदन पेश गर्न सक्नेछ ।

□२५. मुनाफा रकम विभिन्न कोषहरु खडा गरी जम्मा गर्न सकिने : (१) कोषले प्रत्येक आर्थिक वर्षको अन्त्यमा बाँकी रहन आएको मुनाफा रकमबाट तोकिए बमोजिमको रकम तोकिए बमोजिम जगेडा कोष, कल्याणकारी कोष, निवृत्तभरण कोष वा त्यस्तै किसिमका अन्य कोषहरु खडा गरी जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खडा भएका कोषहरुमा जम्मा भएको मुनाफाको रकम खर्च गर्ने प्रक्रिया र त्यस्ता कोषहरु सञ्चालन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२६. हानि नोक्सानी बारे अधिकारीहरुको बचाउ : कोषको प्रशासक, सहायक प्रशासक, सञ्चालक, अधिकृत वा अरु कर्मचारीहरुले यो ऐन बमोजिम कामकाज गर्दा बेइमानी चिताएको वा जानीजानी बेहिसाब गरेको रहेनछ भने निजहरुको कामकाजबाट पर्न आएको कुनै हानि नोक्सानीको निमित्त निजहरु व्यक्तिगत तवरले जवाफदेही हुने छैन ।

२७. विघटन : कुनै कारणबाट कोषलाई विघटन गर्नु पर्छ भन्ने समितिलाई लागेमा त्यसको कारण खुलाई समितिले नेपाल सरकारमा प्रतिवेदन पेश गर्नु पर्छ त्यस्तो प्रतिवेदन परेपछि नेपाल सरकारले कोषको सबै दायित्व आफूले बहन गरी कोषलाई विघटन गर्न सक्नेछ । विघटन गर्ने तरिका नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

✽२८. कोषको सञ्चालक, प्रशासक र अन्य कर्मचारी उपर प्रतिबन्ध : कोषको सञ्चालक, प्रशासक तथा अन्य कर्मचारीहरुले कोषसँग ठेक्का पट्टा लिन वा त्यस्तो ठेक्का पट्टामा साझेदार हुन पाउने छैन ।

स्पष्टीकरण : देहायको अवस्थामा उपरोक्त पदाधिकारी तथा कर्मचारीहरु ठेक्का पट्टामा साझेदार भएको मानिनेछ :-

(क) कोषसँग कुनै ठेक्का पट्टामा निजको आफ्नै तर्फबाट वा आफू मेनेजिङ्ग डाइरेक्टर वा एजेन्ट रहेको कम्पनीको तर्फबाट निजको नाम साझेदारको रुपमा सम्मिलित भएकोमा, वा

(ख) कोषसँग हुने ठेक्का पट्टाको साझेदार भएको कुनै फर्म वा प्राईभेट लिमिटेड कम्पनीमा निज शेयर होल्डर भई राखेकोमा ।

२९. दण्ड सजाय : (१) यो ऐन अन्तर्गत कोषमा रहेको कुनै कागजातमा कसैले जानीजानी झुट्टा व्यहोरा पारेमा वा जानी जानी पार्न लगाएमा सो व्यक्तिलाई २ वर्ष सम्म कैद वा रु. दुईहजार सम्म जरिबाना वा दुवै सजाय हुनेछ ❶र सो व्यक्तिको उक्त कामबाट कोषलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यसरी हानि नोक्सानी परेको रकम समेत निजबाट कोषलाई भराईनेछ ।

---

✤ नवौं संशोधनद्वारा थप ।

□ आठौं संशोधनद्वारा संशोधित ।

✽ तेस्रो संशोधनद्वारा संशोधित ।

❶ तेस्रो संशोधनद्वारा थप ।

[*](२) कोषको सञ्चालक, प्रशासक वा अन्य कर्मचारीले दफा २८ विपरीत कोषसँग ठेक्का पट्टा लिएमा वा ठेक्का पट्टामा साझेदार भएमा निजलाई दुई वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) कुनै व्यक्तिले [*]महालेखापरीक्षकबाट खटाइएको लेखापरीक्षकलाई निजको कामकाजमा बाधा विरोध गरेमा वा निजले कानून बमोजिम मागेको कागज पत्र र सूचना कुनै मनासिब कारण विना नदिएमा निजलाई रू. १००० एक हजारसम्म जरिबाना हुनेछ ।

[*](४) सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्ने जिम्मेवारी रहेको कर्मचारीले त्यस्तो रकम कोषमा जम्मा नगरेको पाइएमा त्यस्तो कर्मचारीलाई सञ्चयकर्ताको कोषमा जम्मा हुनुपर्ने रकम र सो रकममा कोषबाट पाउने ब्याज समेतको हिसाब गरी हुन आउने एकमुष्ट रकम बराबरको रकम जरिबाना हुनेछ ।

[*](५) कोषले सञ्चयकर्ताको रकम कोषमा जम्मा नगर्ने कर्मचारीलाई उपदफा (४) मा उल्लिखित जरिबानाका अतिरिक्त प्रचलित कानून बमोजिम विभागीय कारबाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउनेछ ।

[*]२९क. कालो सूचीमा राख्ने सम्बन्धी व्यवस्था : (१) कोषसँग कुनै ठेक्का लिएको वा कुनै पनि किसिमको ठेक्कापट्टामा हिस्सेदार भएको वा कोषले लगानी गरेको वा कोषबाट ऋण लिएको कुनै व्यक्ति वा सङ्गठित संस्थाले कोषलाई कुनै हानि नोक्सानी पुऱ्याएमा वा कोषलाई तिर्न बुझाउन पर्ने बाँकी नबुझाएमा त्यस्तो व्यक्ति वा संस्थालाई कोषले प्रचलित कानून बमोजिम कालो सूचीमा राख्नको लागि अधिकार प्राप्त निकायसमक्ष लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्ति वा सङ्गठित संस्थालाई कालो सूचीमा राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कालो सूचीमा राखिएको व्यक्ति वा संस्थालाई कोषले सो कालो सूचीबाट हटेको दुई वर्षसम्म कुनै ऋण दिने, ठेक्कापट्टा दिने वा हिस्सेदार बनाउने वा कुनै किसिमको लगानी गर्ने छैन ।

३०. नियमहरु बनाउने अधिकार : (१) यो ऐनको उद्देश्य पूरा गर्न समितिले नियमहरु बनाउन सक्नेछ । नेपाल सरकारबाट स्वीकृत नभै ती नियमहरु लागू हुने छैनन् ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी खास गरेर देहायका सबै वा केही विषयहरुमा नियमहरु बनाउन सकिनेछ :-

(क) समितिले गर्ने कामको तरिका र समितिको सभाको कार्यविधि बारे,

(ख) समितिले प्रशासकलाई र प्रशासकले आफू मुनिका अधिकृत र अरु कर्मचारीहरुलाई अख्तियारी सुम्पने बारे,

(ग) कोषका अधिकृत र अरु कर्मचारीहरुको नियुक्ति, प्रमोशन, सरुवा, बर्खासी, तलब, भत्ता, निवृत्तभरण, उपदान, बिदा, आचारण, अनुशासन समेत सेवाका शर्तहरु र गठन बारे,

(घ) प्रचलित नेपाल कानूनको प्रतिकुल नपर्ने गरी कोष तर्फबाट गरिने पट्टा कवुलियत सम्बन्धी शर्तहरु बारे,

(ङ) कोषको छाप बनाउने कार्यविधि बारे,

(च) [*]… … …

(छ) परिचयपत्र हराएको, च्यातिएको वा अस्पष्ट हुने गरी धमिलिएको वा मेटिएकोमा कर्मचारीलाई नयाँ परिचयपत्र दिने बारे,

(ज) कोषले लगानी गर्ने बारे, र

(झ) साधारणत: कोषले यो ऐन अन्तर्गत गर्नु पर्ने सबै काम काजको सुव्यवस्था गर्ने बारे ।

---

[*] तेस्रो संशोधनद्वारा संशोधित ।
[*] पाचौं संशोधनद्वारा संशोधित ।
[*] नवौं संशोधनद्वारा थप ।
[*] नवौं संशोधनद्वारा थप ।
[*] सातौं संशोधनद्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

❖३०क. विनियम बनाउने अधिकार : यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम बिपरीत नहुने गरी कोषले आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

❖३०ख. बचाउ : भूमि सम्बन्धी ऐन, २०२१ मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले आवास परियोजना सञ्चालन गर्न प्राप्त गरेको जग्गाको सम्बन्धमा अधिकतम हदबन्दी लागू हुने छैन ।

३१. अरु नेपाल कानुनसँग बाझिएमा गर्ने : प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएकोमा सोही बमोजिम र अरुमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३२. ° ................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

❖ पाचौ संशोधनद्वारा थप ।

° नेपाल ऐनहरु संशोधन गर्ने, र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा झिकिएको ।

द्रष्टव्य: (१) कर्मचारी सञ्चय कोष (चौथो संशोधन) ऐन, २०३० द्वारा मूल ऐनको अनुसूची खारेज भएको ।

(२) नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तर भएका शब्दहरु:-

(क) "अफिसर" को सट्टा "अधिकृत" ।

(ख) "पेन्सन" को सट्टा "निबृत्तभरण" ।

(ग) "गजेट" को सट्टा "राजपत्र" ।

(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(४) गणतन्त्र शुद्धिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रुपान्तर गरिएका शब्दहरु :-

"राष्ट्र ऋण ऐन, २०१७" को सट्टा "राष्ट्र ऋण ऐन, २०५९" ।